मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानुन ...
जनकपुर...

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावली २०६४ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने विवरणहरु

## (२०८१ साउन १ देखि २०८१ असोज ३० सम्मको यस मन्त्रालयद्धारा सम्पन्न प्रथम त्रैमासिक कार्यविवरण)




मधेश प्रदेश सरकार

गृह, सञ्चार तथा कानुन मन्त्रालय

जनकपुरधाम, धनुषा

# १. परिचय

वि.स. २०६२-६३ को राजनैतिक परिवर्तन संगै २०६३ साल माघ १ गते देखि नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएको थियो । यो संविधान , संविधान सभा मार्फत नेपालको संविधान जारी नहुँदा सम्म अन्तरिम व्यवस्थापनका लागी कार्यान्वयनमा ल्याइएको थियो । अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार संविधान सभाले नेपालको संविधान २०७२ साल आश्विरन ३ गते जारी गरी कार्यान्वयनमा ल्याइएको थियो ।

नेपालको संविधानको धारा ५६(१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ , प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र ५६(२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ , प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन भनी व्यवस्था गरिएको छ । त्यसैगरी संघ , प्रदेश र स्थानीय तहले प्रयोग गर्ने एकल अधिकार सुची र साझा अधिकारको सुचीको व्यवस्था गरी धारा ५७ मा राज्यशक्तिको वाडफाँड गरिएको छ । नेपालको संविधान कार्यान्वयनको प्रारम्भीक अवस्थामा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्नि भई तीनै तहको सरकार गठन भई सकेको अवस्था छ ।

संविधानमा भएको व्यवस्था बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७४/१०/१०को निर्णयानुसार सात वटै प्रदेशमा ७/७वटा मन्त्रालयको व्यवस्था गर्ने निर्णय भए बमोजिम यस प्रदेश नं. २मा पनि ७वटा मन्त्रालय स्थापना भएका छन् । जस अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थापना मिति २०७४/१०/१८मा धनुषा जिल्लाको जनकपुरधाम स्थित जनकपुर चुरोट कारखाना लिमिटेडको परिसरमा भएको थियो। प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७५/०७/०९को निर्णयानुसार यस ज.चु.का.लि. को परिसरलाई मधेश भवन परिसर नामाकरण गरिएको थियो । आर्थिक वर्ष २०७८।०७९ को अन्तयतिर आन्तरिक मामिला तथा कानुन मन्त्रालय नँया भवनमा सरेको हो ।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७४/१०/१० को निर्णयानुसार मिति २०७४/१०/१८ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालयको स्थापना भएको हो। प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७८/०२/२६ गतेको निर्णय बमोजिम आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नामाकरण एवं कार्यविभाजन हेरफेर भएको, प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७९/०२/०६ गतेको निर्णय बमोजिम गृह तथा सञ्चार मन्त्रालयको नामाकरण र जिम्मेवारी हेरफेर र प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०६।१६ गते निर्णय बमोजिम गृह,सञ्चार तथा कानुन मन्त्रालयको नामाकरण र जिम्मेवारी हेरफेर भएको ।

## २. मन्त्रालयको संगठन संरचना

- **मन्त्री**
  - **सचिवालय**
    अधिकृत सातौं/आठौं (प्र./सा.प्र.)-१
    पाँचौं/छैटौं (प्र./सा.प्र.)-१
  - **प्रदेश सचिव**
    अधिकृत एघारौं/बाह्रौं (प्रशासन)-१- समुहिकृत नहुने
    - **सचिवालय**
      पाँचौं/छैटौं (प्र./सा.प्र.)-१
    - **प्रशासन तथा योजना महाशाखा**
      अधिकृत नवौं/दशौं (प्र./सा.प्र.)-१
      - **प्रशासन तथा योजना शाखा**
        अधिकृत सातौं/आठौं (प्र./सा.प्र.)-१
        पाँचौं/छैटौं (प्र./सा.प्र.)-१
        कम्प्युटर पाँचौं/छैटौं (विविध)-१
        सहायकस्तर चौथौं (प्र/सा.प्र.)-१
        हलुका सवारी चालक तह विहिन-५
        कार्यालय सहयोगी तह विहिन-७
      - **आर्थिक प्रशासन शाखा**
        अधिकृत सातौं/आठौं (प्र./लेखा)-१
        चौथौं/पाँचौं/छैटौं (प्र./लेखा)-१
    - **सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा**
      अधिकृत नवौं/दशौं (प्र./सा.प्र.)-१
      - **शान्ति सुरक्षा, प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा**
        अधिकृत सातौं/आठौं (प्र/सा.प्र.)-१
        पाँचौं/छैटौं (प्र/सा.प्र.)-१
      - **विपद् व्यवस्थापन शाखा**
        अधिकृत सातौं/आठौं (प्र/सा.प्र.)-१
        पाँचौं/छैटौं (प्र/सा.प्र.)-१
      - **सूचना समन्वय तथा सञ्चार शाखा**
        अधिकृत सातौं/आठौं (प्र/सा.प्र.)-१
        पाँचौं/छैटौं (प्र/सा.प्र.)-१
    - **कानुन महाशाखा**
      अधिकृत नवौं/दशौं (न्याय/कानुन)-१
      - **कानुन शाखा**
        कानुन अधिकृत सातौं/आठौं (न्याय, कानुन)-१
        पाँचौं/छैटौं (प्र/सा.प्र.)-१
      - **प्रदेश राजपत्र सम्पादन तथा प्रशासन शाखा**
        अधिकृत सातौं/आठौं (कानुन)-१
        कम्प्युटर पाँचौं/छैटौं (विविध)-१

## ३. मन्त्रालयको संगठन संरचना

| क्र.सं. | पद/तह | सेवा | समूह | दरबन्दी संख्या | पदपूर्ति भएको |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव (बाह्रौं) | प्रशासन | | १ | १ |
| २ | उप-सचिव नवौं /दशौं | प्रशासन | सा. प्र. | २ | |
| ३ | उप-सचिव नवौं /दशौं | कानून | - | १ | - |
| ४ | शाखा अधिकृत सातौं/आठौं | प्रशासन | सा. प्र. | ५ | ४ |
| ५ | कानुन अधिकृत सातौं/आठौं | कानून | - | २ | २ |
| ६ | लेखा अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | १ | १ |
| ७ | कम्प्युटर/सूचना प्रविधि इन्जिनियासातौं/आठौं | विविध | - | ० | |
| ८ | सहायक/अधिकृत पाचौं/छैटौं | प्रशासन | सा. प्र. | ७ | |
| ९ | कम्प्युटर अपरेटर/कम्प्युटर अधिकृत पाचौं/छैटौं | विविध | - | २ | १ |
| १० | स.ले.पा./ले.पा./अधिकृत चौथो/पाचौं/छैटौं | प्रशासन | लेखा | १ | १ |
| १९ | सहायक चौथो | प्रशासन | सा.प्र. | १ | १ |
| २२ | हलुका सवारी चालक | - | - | ५ | ५ |
| २३ | कार्यालय सहयोगी | - | - | ७ | ६ |

## ४. माननीय मन्त्रीज्यूको निजी सचिवालयमा रहने कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको विवरण | इकाई | मन्त्री |
|---|---|---|---|
| १ | स्वकीय अधिकृत (रा.प.द्धितिय श्रेणी वा सो सरह) | जना | १ |
| २ | स्वीय अधिकृत (रा.प. तितृय श्रेणी वा सो सरह) | जना | १ |
| ३ | कम्प्युटर अपरेटर | जना | १ |
| ४ | प्रशासन सहायक (रा.प.अं.न.प्रथम श्रेणी वा सो सरह) | जना | १ |
| ५ | कार्यालय सहयोगी प्रथम स्तर | जना | १ |
| ६ | हलुका सवारी चालक | जना | २ |
| ७ | कुक | जना | १ |
| ८ | स्विपर | जना | १ |

## ५. मन्त्रालयको मातहतमा रहेका निकायहरु

१. आमसञ्चार प्राधिकरण, मधेश प्रदेश

२. मिडिया काउन्सिल, मधेश प्रदेश

३. चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बर्ड, मधेश प्रदेश

४. मधेशी शहिद प्रतिष्ठान, मधेश प्रदेश

५. मधेश आपतलिन कार्य सञ्चालन केन्द्र, मधेश प्रदेश

## ६. मन्त्रालयको कार्यविभाजन (कार्यविभाजन नियमावली २०८० बमोजिम)

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन र योजना तर्जुमा तथा कार्यन्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य।

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा।

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय।

४. संघीय र प्रदेश कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन।

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय।

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण।

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना।

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग।

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी।

१०. सामुदायिक प्रहरी।

११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१२. विवाद व्यवस्थापन,

१३. संघिय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१४. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

१५. अन्तर प्रदेश सुरक्षा, आपूर्ति समन्वय र सम्बन्ध,

१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन एवं उपाधि,सम्मान, विभूषणको सिफारिस,

१७. विपद् व्यवस्थापन,जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य, प्रदेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय,सहकार्य र सहयोग,

१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथ अनुसन्धान,

१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,

२०.विपद् पूर्वसूचना प्रणाली सञ्चाल व्यवस्थापन र कार्यान्वयन,

२१.मौसम र जलमापन सञ्चार सञ्चाल व्यवस्थापन,

२२.प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३.प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,

२४.प्रदेशमा भ्रमण गर्ने अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,

२५.प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,

२६.अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

२७.सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएको व्यक्ति सम्बनधी,

२८.सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

२९.प्रदेशस्तरको सूचना प्रविधि तथा विधुतीय सञ्चार माध्यम सञ्चालन सम्वन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यन्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

३०.प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३१.प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

३२. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

३३.प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

३४.साईवर सुरक्षा अनुगमन,

३५.छापा सञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्क, बर्गीकरण,सञ्चार संहिता निर्धारण र अनुगमन,

३६.प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन,प्रकाशन र वितरण,

३७.श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३८.प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३९.केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४०.चलचित्र निर्माण सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

४१.प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,

४२.अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

४३.प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

४४.प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,

४५.प्रदेश कानूनको प्रकाशन तथा वितरण,

४६.प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

४७.प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशन एवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

४८. संघबाट प्रकाशित नेपाल राजपत्रको प्रति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

४९. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र निजी क्षत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

५०. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन, नि:शुल्क कानूनी सहायता र न्यायमा पहुँच अभिबृद्धि,

५१. मन्त्रालय र प्रदेश कानून बमोजि गठित आयोग, निकाय र प्रधिकरणलाई कानूनी राय,

५२. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

५३. न्यायिक निकायले गरेको फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

५४. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधा सम्बन्धी कानून तर्जुमा,

५५. प्रदेश सरकारको निर्णय बमोजि प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

५६. प्रदेश सभासँगको समन्वय,

५७. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेको बाँकी सम्पूर्ण विषयहरु ।

## ७. आ.व.२०८०/०८१ सालमा प्रकाशन भएका राजपत्रहरु

| क्र.सं. | राजपत्रहरु |
|---|---|
| १. | मधेश प्रदेशका केही कानुनलाई संशोधन गर्ने ऐन,२०८० |
| २. | आर्थिक ऐन,२०८० |
| ३. | मधेश प्रदेश विनियोजन ऐन,२०८० |
| ४. | प्रदेश उधोग व्यवस्थापन ऐन ,२०७७ को अनुसूची हेरफेर तथा थपघट सम्वन्धी सूचना |
| ५. | मधेश प्रदेश सरकार नियमावली (कार्यविभाजन),२०८० |
| ६. | प्रदेश सहकारी नियमावली,२०८० |
| ७. | प्रदेश निजामति सेवा नियमावली,२०७९को अनुसूची ४ हेरफेर तथा थपघट सम्वन्धी सूचना |
| ८. | मधेश प्रदेश सरकार नियमावली (कार्यविभाजन),२०८० को अनुसूची हेरफेर सम्वन्धी सूचना |
| ९. | मधेश प्रदेश स्तरीय निकायका निजामति कर्मचारीको आन्तरिक पर्यटन कार्यक्रम संचालन कार्यविधी,२०८० |
| १०. | आर्थिक सहायता व्यवस्थापन कार्यविधि,२०८० |
| ११. | विदा सम्बन्धि |
| १२. | मधेश प्रदेश स्तरीय निकायका निजामति कर्मचारीकोआन्तरिक पर्यटन कार्यक्रम संचालन कार्यविधी,२०८०<br>आर्थिक सहायता व्यवस्थापन कार्यविधि,२०८० |
| १३. | आर्थिक सहायता व्यवस्थापनकार्यविधि (पहिलो संशोधन),२०८० |
| १४. | मधेश प्रदेश लोक कल्यानकारी विज्ञापन व्यवस्थापनकार्यविधि (पहिलो संशोधन) |
| १५. | उपभोक्ता समिति गठन ,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० |

## ८. हाल सम्म यस मन्त्रालयबाट प्रकाशित भएका राजपत्रहरु

<u>ऐन</u>

| क्र.सं. | प्रादेशिक ऐनको नाम | प्रमाणिकरण मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १ | प्रदेश आर्थिक कार्यविधि ऐन (ऐन नं.१) २०७४ | २०७४।१२।२९ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २ | प्रदेश नं 2 .को विनियोजन ऐन, (ऐन नं.१)२०७५ | २०७५।०१।२१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३ | प्रदेशको सार्वजनिक लिखत प्रमाणिकरण ऐन, (ऐन नं.२) २०७५ | २०७५।०२।३० | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, (ऐन .३) २०७५ | २०७५।०३।१७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ५ | मुख्यन्त्री तथा मन्त्रिहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन (ऐन नं.४) २०७५ | २०७५।०३।१७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ६ | प्रदेश विनियोजन ऐन, (ऐन नं.५) २०७५ | २०७५।०३।२९ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७ | प्रदेश आर्थिक ऐन, (ऐन नं.६) २०७५ | २०७५।०३।३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ८ | प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, (ऐन नं.७)२०७५ | २०७५।०३।३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९ | प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धी ऐन,२०७५(ऐन नं. ०८) | २०७५।०३।३२ खारेज | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १० | प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५(ऐन नं. ०९) | २०७५।०४।२५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ११ | प्रदेश आकास्मिक कोष सञ्चालन ऐन,२०७५ (ऐन नं. १०) | २०७५।०६।२४ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १२ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन,२०७५(ऐन नं. ११) | २०७५।०६।२५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १३ | प्रदेश नं. २ को विपद् व्यवस्थापन ऐन,२०७५(ऐन नं. १२) | २०७५।०६।२६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १४ | प्रदेश नं. २ को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५(ऐन नं. १३) | २०७५।०९।०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १५ | प्रदेश नं. २ दुईको सार्वजनिक प्रशासनका लागि करारमा | २०७५।०९।०१ | मुख्यमन्त्री तथा |

| | | | |
|---|---|---|---|
| | कर्मचारी भर्ना सम्बन्धी ऐन,२०७५ (ऐन | | मन्त्रिपरिषदको कार्यालय |
| १६ | प्रदेश प्रहरी ऐन,२०७५(ऐन नं. १५) | २०७५।०९।१५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १७ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन , २०७६ (ऐन नं. ०१) | २०७६।०२।३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १८ | प्रदेश आर्थिक ऐन,२०७६(ऐन नं. ०२) | २०७६।०३।३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १९ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन,२०७६(ऐन नं. ०३) | २०७६।०३।३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २० | विनियोजन ऐन,२०७६(ऐन नं. ०४) | २०७६।०३।३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २१ | प्रदेश लोकसेवा आयोग ऐन,२०७६(ऐन नं. ०५) | २०७६।०५।०४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २२ | प्रादेशिक सडक ऐन,२०७६(ऐन नं. ०६) | २०७६।०७।०६ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २३ | दलित सशक्तिकरण ऐन,२०७६(ऐन नं. ०७) | २०७६।०८।२४ | सामाजिक विकास मन्त्रालय |
| २४ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७७(ऐन नं. ०१) | २०७७।०३।३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २५ | आर्थिक ऐन,२०७७(ऐन नं. ०३) | २०७७।०३।३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २६ | विनियोजन ऐन,२०७७(ऐन नं. ०२) | २०७७।०३।३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २७ | प्रदेश एफ.एम. रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन,२०७७(ऐन नं. ०४) | २०७७।०४।०५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| २८ | गाउँ सभा र नगर सभाको कानून निर्माण प्रकृया सम्बन्धी ऐन,२०७७(ऐन नं. ०५) | २०७७।०४।०५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| २९ | प्रदेश जनलोकपाल ऐन,२०७७(ऐन नं. ०६) | २०७७।०५।०३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ३० | प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७(ऐन नं. ०७) | २०७७।०५।०३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३१ | प्रादेशिक विद्युत ऐन, २०७७ (ऐन नं. ०८) | २०७७।०६।२५ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ३२ | गाउँ सभा/ नगर सभा/ जिल्ला सभा कार्य सञ्चालन | २०७७।०६।२५ | मुख्यमन्त्री तथा |

| | | | |
|---|---|---|---|
| | (कार्यविधि) ऐन, २०७७ (ऐन नं. ०९) | | मन्त्रिपरिषद्को कार्यालय |
| ३३ | प्रदेश अनुसन्धान व्युरो ऐन,२०७७ (ऐन नं. १०) | २०७७।०७।०४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३४ | प्रदेश दुग्ध विकास बोर्ड (स्थापना र सञ्चालन) ऐन,२०७७(ऐन नं. ११) | २०७७।०७।०४ | भूमी व्यवस्था कृषि तथा , सहकारी मन्त्रालय |
| ३५ | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७७ (ऐन नं. १२) | २०७७।०७।२५ | सामाजिक विकास मन्त्रालय |
| ३६ | प्रदेश वन ऐन,२०७७ (ऐन नं.१३) | २०७७।०९।०१ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ३७ | प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ (ऐन नं.१४) | २०७७।०९।२९ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ३८ | प्रदेश बालअधिकार सम्बन्धी ऐन,२०७७ (ऐन नं.१५) | २०७७।०९।२९ | सामाजिक विकास मन्त्रालय |
| ३९ | प्रदेश निजामती सेवा ऐन,२०७७(ऐन नं.१६) | २०७७।१०।२८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ४० | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन (ऐन नं १) | २०७७।०३।३१ | अर्थ मन्त्रालय |
| ४१ | आर्थिक वर्ष २०७८।७९ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (ऐन नं २) | २०७७।०३।३१ | अर्थ मन्त्रालय |
| ४२ | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन(ऐन नं ३) | २०७८।०७।१६ | अन्तरिक मामिला तथा सञ्चार मन्त्रालय |
| ४३ | प्रदेश कृषि विश्वविद्यालय सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश(ऐन नं ४) | २०७८।०७।२३ | |
| ४४ | प्रविधिक विश्वविद्यालय सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश(ऐन नं ५) | २०७८।०७।२३ | |
| ४५ | स्वास्थय सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक(ऐन नं ६) | २०७८।०८।१० | |
| ४६ | जाँचबुझ आयोगको गठन तथा काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेकव ऐन२०७९ | २०७८।१२।१४ | |
| ४७ | मधेश कृषि विश्वविधालय ऐन,२०७९(ऐन नं १) | २०७९।०१।१४ | |

मधेश प्रदेश सरकार गृह संचार तथा कानून मन्त्रालय जनकपुरधाम, नेपाल

| | | | |
|---|---|---|---|
| ४८ | मधेश विश्वविधालय ऐन ,२०७९(ऐन नं २) | २०७९।०१।१४ | |
| ४९ | मधेश प्रदेश आर्थिक ऐन, २०७९(ऐन नं ३) | २०७९।०३।३१ | |
| ५० | मधेश प्रदेश विनियोजन ऐन २०७९(ऐन नं ४) | २०७९।०४।०१ | |
| ५१ | प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०७९(ऐन नं ५) | २०७९।०५।०६ | |
| ५२ | प्रदेश संचार सम्बन्धी(पहिलो संशोधन) ऐन, २०७९(ऐन नं ६) | २०७९।०५।०६ | |
| ५३ | प्रदेश संस्था दर्ता ऐन, २०७९(ऐन नं ७) | २०७९।५।०६ | |
| ५४ | प्रदेश खोप ऐन, २०७९(ऐन नं ८) | २०७९।५।३० | |
| ५५ | प्रदेश सहकारी ऐन,२०७९(ऐन नं ९) | २०७९।०६।०९ | |
| ५६ | प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७९(ऐन नं १०) | २०७९।०६।०९ | |
| ५७ | प्रदेश सभा सचिवालय सम्बन्धी ऐन ,२०७९ ऐन नं ११) | २०७९।०६।१४ | |
| ५८ | मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।०३।३१ | |
| ५९ | आर्थिक ऐन, २०८० | २०८०।०३।३१ | |
| ६० | मधेश प्रदेश विनियोजन ऐन,२०८० | २०८०।०३।३१ | |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

# नियमावली / विनियमावली

| क्र.सं. | नियमावलीको नाम | स्विकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोग नियमावली,२०७७ | २०७७।०६।२८ | प्रदेश लोक सेवा आयोग |
| २ | प्रदेश सञ्चार नियमावली,२०७७ | २०७७।०९।२८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७ | २०७७।१२।१३ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | प्रदेश सञ्चार नियमावली( पहिलो संशोधन),२०७७ | २०८८।०१।०२ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५ | प्रदेश लोक सेवा आयोग नियमावली ,२०७८ | २०७८।०२।१४ | प्रदेश लोक सेवा आयोग |
| ६ | प्रदेश सरकार कार्य विभाजन नियमावली,२०७८ | २०७८।०२।२६ | मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | दलित सशक्तीकरण नियमावली, २०७८ | २०७८।०९।३० | सामाजिक वाकास मन्त्रालय |
| ८ | प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली दोस्रो (सञ्चालन कार्यविधि) संशोधन,२०७८ | २०७८।०९।०१ | उधोग ,पर्यटन तथा वन मन्त्रालय |
| ९ | प्रदेश उधोग व्यवस्थापन नियमावली,२०७८ | २०७८।१२।२४ | उधोग ,पर्यटन तथा वन मन्त्रालय |
| १० | प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७९ | २०७९।०९।१८ | भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ११ | प्रदेश निजामती सेवा नियमावली,२०७९ | २०७९।०२।२४ | मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १२ | प्रदेश सरकार कार्य विभाजन नियमावली,२०७९ | २०७९।०२।०६ | मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३ | प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक सूविधा र सेवा स्मबन्धी दोस्रो संशोधन) नियमावली( | २०७९।०२।१९ | |
| १४ | प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास | २०७९।०४।०२ | |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम (सञ्चालन कार्यविधि चौथो संशोधन) नियमावली,२०७८ | | |
| १५ | मधेश प्रदेश सरकार कार्यविभाजन) नियमावली(,२०८० | २०८०।०६।२१ | मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १६ | प्रदेश सहकारी नियमावली,२०८० | | |

## निर्देशिका/ कार्यविधि/ आदेश

| क्र.स | निर्देशिकाको नाम | स्विकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १ | प्रदेश खर्च मापदण्ड निर्देशिका | २०७७।०४।१६ | |
| २ | प्रदेश स्तरीय निजामती कर्मचारीहरूको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन निर्देशिका | २०७७।०५।२५ | |
| ३ | पिडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका ,२०७६ | २०७६।०७।१९ | |
| ४ | सुरक्षित बेटी अभियान सञ्चालन निर्देशिका, २०७६ | २०७६।११।०५ | |
| ५ | दुर्व्यशन मुक्त युवा अभियान संचालन निर्देशिका,२०७७ | २०७७।०३।१६ | |
| | प्रदेश राजपत्र प्रकाशन निर्देशिका,२०७७ | २०७७।०७।०२ | |
| ६ | शान्तिको लागि खेलकुद कार्यक्रम संचालन कार्यविधि,२०७७ | २०७७।०९।२८ | |
| ७ | प्रदेश स्तरीय दिवस समारोह कार्यक्रम संचालन कार्यविधि,२०७७ | २०७७।०९।२८ | |
| ८ | पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका,२०७७ | २०७७।१२।१३ | |
| ९ | प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि,२०७८ | २०७८।०८।०६ | |
| १० | प्रदेश सम्पुरक अनुदान सम्बन्धि कार्यविधि,२०७८ | २०७८।०८।०६ | |
| ११ | प्रदेश विशेष अनुदान सम्बन्धि निर्देशिका | २०७८।०८।०६ | |
| १२ | मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ निर्देशिका २०७८ | २०७८।०९।०१ | |
| १३ | महेन्द्रनरायण निधि विपन्न आवास निर्देशिका | २०७८।०९।३० | |
| १४ | मधेशी शहीद प्रतिष्ठान (गठन तथा कार्य संचालन) निर्देशिका,२०७७ | २०७८।०१।०२ | |
| १५ | मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि,२०७९ | २०७९।०३।१६ | |
| १६ | मधेश प्रदेश लोक कल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि,२०७९ | २०७९।०३।१६ | |
| १७ | मधेश प्रज्ञा प्रतिष्ठान (स्वास्थ्य तथा कार्य संचालन) | २०७९।०५।१० | |

| | | | |
|---|---|---|---|
| | आदेश | | |
| १८ | मधेश प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि,२०७९ | २०७९।०५।२० | |
| १९ | मधेश प्रदेश स्तरीय निकायका निजामती कर्मचारीहरु आन्तरिक पर्यटन कार्यक्रम संचालन कार्यविधि,२०८० | २०८०।०६।२१ | |
| २० | आर्थिक सहायता व्यवस्थापन कार्यविधि,२०८० | २०८०।०५।१३ | |
| २१ | आर्थिक सहायता व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,२०८० | २०८०।०६।१६ | |
| २२ | उपभोक्ता समिति गठन ,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० | | |

## आ.व. २०८१/०८२ को पहिलो त्रैमासिकमा प्रकाशित ऐन, नियम, निर्देशिका, कार्यविधि

| क्र.स | निर्देशिकाको नाम | स्विकृत मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १ | प्रदेश वालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (बालिका संरक्षण तथा सशक्तिकरण ऐन, २०८१) | २०८१।०४।०९ | |
| २ | स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ | २०८१।०५।०७ | |
| ३ | प्रदेश सभा सचिवलाय सम्बन्धी (पहिलो संसोधन) ऐन, २०८१ | २०८१।०६।०१ | |
| ४ | प्रदेश वन नियमावली, २०८१ | २०८१।०५।१७ | |
| ५ | प्रदेश सभाको तेस्रो अधिवेशन अन्त्यको सूचना | २०८१।०६।१० | |

# आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक (श्रावण, भदौ र असोज) मा यस मन्त्रालयबाट सम्पादन भएका मुख्य कामहरु

## १. संयुक्त सिमा सुरक्षा अनुगमन

- मिति २०८१ भदौ १८ गते यस मन्त्रालयका माननीय मन्त्रीज्यू, प्रदेश सचिवज्यू तथा प्रदेश स्थित सुरक्षा निकायका प्रमुख ज्यूहरुको सहभागितामा धनुषा जिल्ला स्थित नेपाल भारत सिमा/ बोर्डर जटहीको संयुक्त रुपमा सिमा सुरक्षाको अनुगमन





## २. विपद् व्यवस्थापन तथा सूचना प्रणाली सम्बन्धी तालिम

- मिति २०८१ श्रावण १४ र १५ गते ससरीका स्थानीय तहहरुलाई विपद् व्यवस्थापन तथा सूचना प्रणाली सम्बन्धी दुई दिने तालिम सम्पन्न

## ३. संविधान तथा राष्ट्रिय दिवस

- मिति २०८१ असोज ३ गते यस मन्त्रालयको आयोजनामा मधेश प्रदेश सरकारका मुख्यमन्त्रीको प्रमुख आतिथ्यता, मधेश प्रदेश सरकारको मन्त्रीको उपस्थिति, प्रदेश स्थित सुरक्षा निकाय, कर्मचारी शिक्षक, विधार्थीहरु लगायतको सहभागितामा भव्य रुपमा संविधान दिवस मनाईएको । असोज ३ गते विहान ७:३० बजे जनकपुरको रामानन्द चौकबाट प्रभातफेरी र्यावली सुरुवात भई महेन्द्र नारायण निधि साँस्कृत भवनमा शुभकामना संदेश सहित साँस्कृतिक कार्यक्रम गरी संविधान तथा राष्ट्रिय दिवस भव्यताका साथ सम्पन्न गरिएको ।






मधेश प्रदेश सरकार
गृह सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, नेपाल

## ४. प्रदेश विपद् कार्यकारी समितिको बैठक

- मिति २०८१ असोज १३ गते यस मन्त्रालयको सभाहलमा मा.मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश विपद् कार्यकारी समितिको बैठक बसि असोज १० गते देखी परेको अबिरल वर्षाको कारण मधेश प्रदेशमा परेका जनधनको क्षति तथा राहत उद्धारका सम्बन्धमा सुरक्षा निकाय तथा सरोकारवाल संग छलफल ।




## ५. प्रदेश निर्देशक समितिको गठन

- मिति २०८१ असोज १३ गते आईतबार (महिला, शान्ति सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् प्रस्ताव नं.१३२५ र १८२० को कार्यन्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना अन्तरगत मा. गृह, सञ्चार तथा कानुन मन्त्रीको संयोजक्तोमा ९ सदस्य रहने गरि प्रदेश निर्देशक समितिको गठन गरिएको ।

## ६. सुरक्षा र विपद् सम्बन्धी अन्तरक्रिया कार्यक्रम

- मिति २०८१ असोज १५ गते मंगलबारका दिन यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा मधेश प्रदेश सभाका सदस्यज्यूहरु, पत्रकारहरु लगायतका सरोकारवालाहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न





## ७. सञ्चार ऐन तथा नियमावली संशोधन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

- मिति २०८१ असोज २० गते आईतवार प्रदेश सरकार द्धारा बनाईएको सञ्चार ऐन २०७७ तथा नियमावली २०७७ मा भएका कमि कमाजोरी सुधार गर्न मधेश प्रदेश अन्तरगतका सञ्चार सम्बन्धी सरोकारवाला मिडिया हाउस तथा पत्रकारहरु सँग अन्तरक्रिया कार्यक्रम मा.मन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न भएको ।





## ८. प्रदेश सुरक्षा समन्वय समितिको बैठक

- यस मन्त्रालयको सभाहलमा प्रदेश स्थित सुरक्षा निकायका प्रमुखहरुको सहभागितामा चाडपर्व लक्षित सुरक्षा योजनाका सम्बन्धमा प्रदेश सुरक्षा समन्वय समितिको बैठक बसी आवश्यक निर्णय गरेको ।

## ९. चितवनको सिमलताल बाढी/पहिरो विपद्मा बस दुर्घटनाका मृतकका परिवारहरुलाई राहत वितरण

- मिति २०८१।०३।२८ गते भरतपुर म.न.पा. वडा नं. २९ नारायणघाट मुग्लिन सडक खण्ड चितवनको सिमलताल बाढी/पहिरो विपद्मा बस दुर्घटनामा मृत्यू भएका (बारा, पर्सा, रौतहट र सर्लाहीका) मृतक परिवारहरुलाई मधेश प्रदेश सरकारको निर्णय बमोजिम यस मन्त्रालयबाट प्रति परिवार रु.१ लाखका दरले ३९,००,०००।- (अक्षरेपी रु. उन्नचालिस लाख रुपैया मात्र) राहत वितरणको रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा पठाइएको।

| जिल्ला | क्र.सं. | मृतक वेपताको नाम | ठेगाना |
|---|---|---|---|
| पर्सा | १ | सुजित कुमार साह | बहुदरमाई न.पा.-०८ |
| | २ | ओमहरी यादव | बहुदरमाई न.पा.-०८ |
| | ३ | रैफुल आलम | सखुवा प्रसौनी गा.पा.-३ |
| | ४ | जवाहिर महतो (बस चालक) | वीरगंज म.न.पा.-१६ |
| | ५ | हरिन्द्र पौडेल | वीरगंज म.न.पा.-१६ |
| | ६ | हृदय नारायण राउत | सखुवा प्रसौनी गा.पा.-२ |
| | ७ | भगवती देवी | सखुवा प्रसौनी गा.पा.-२ |
| | ८ | चन्द्रप्रभा कुमारी चौधरी | सखुवा प्रसौनी गा.पा.-२ |
| | ९ | सलिम मिया | पर्सागढी न.पा.-७ |
| | १० | सैनफ खातुन (सलिम मियाको श्रीमती) | पर्सागढी न.पा.-७ |
| बारा | १ | परमानन्द पण्डित | विश्रामपुर गा.पा.-३, बारा |
| | २ | सृष्टि कुमारी यादव | कलैया उ.प.न.पा.१४, बारा |

| | | | |
|---|---|---|---|
| | ३ | नरेश भन्ने नरबहादुर बि.क. | जीतपुरसिमरा उ.म.न.पा.१६,बारा |
| | ४ | ताराचन राउत | प्रसौनी गा.पा.१ बारा |
| | ५ | कुश्मी देवी पटेल | प्रसौनी गा.पा.१ बारा |
| | ६ | अरविन्द पण्डित | देवताल गा.पा.३ बारा |
| रौतहट | १ | वकिल खाँ पैठान | ईश्वरनाथ न.पा.१ रौतहट |
| | २ | ओम राज कुमार | परोह न.पा.४ रौतहट |
| | ३ | किशोर कुमार चौधरी | चन्द्रपुर न.पा.१० |
| | ४ | मो. मेराज मिया | यमुनामाई गा.पा.५ |
| | ५ | पर्शुराम बनिया | बौधिमाई न.पा.३ |
| | ६ | ऋषि कुमार सिंह | परोह न.पा.६ |
| | ७ | लक्ष्मी नारायण राय (रामनारायण यादव) | माधवनारायण न.पा.३ |
| | ८ | हरिचन्द्र राय यादव | बौधिमाई न.पा.१ |
| | ९ | अमृता कुमारी | बौधिमाई न.पा.७ |
| | १० | आयरण यादव भन्ने शिवशंकर यादव | बौधिमाई न.पा.७ |
| | ११ | सिवानी कुमारी भन्ने प्रिति कुमारी | बौधिमाई न.पा.७ |
| | १२ | शैलेन्द्र पटेल | बौधिमाई न.पा.४ |
| | १३ | प्रियांस जयसवाल | बौधिमाई न.पा.४ |
| | १४ | अशोक कुमार यादव | गरुडा न.पा.९ |
| | १५ | नविन कुमार महरा | यमुनामाई न.पा.५ |
| | १६ | रहुप महमद | यमुनामाई गा.पा.४ |
| | १७ | गुड्डु प्रसाद पटेल | बौधिमाई न.पा.४ |
| | १८ | तुलसी दास | यमुनामाई गा.पा.४ |
| | १९ | बलि राउत कुर्मी | बौधिमाई न.पा.१ |
| सर्लाही | १ | रमित कोश्वार | बरहथवा गा.पा.३ |
| | २ | जितेन्द्र राम | रामनगर गा.पा.३ |
| | ३ | रामा दास | रामनगर गा.पा.३ |
| | ४ | रविन्द्र साह | कविलासी न.पा.८ |

१०. सुरक्षा उपकरण वितरण

- यस मन्त्रालयबाट तपशिलका सुरक्षा उपकरणहरु मधेश प्रदेश प्रहरी कार्यालयका लागि सो कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणी अचार्यज्यूलाई मा.मन्त्रीज्यूबाट हस्तान्तरण गरिएको ।

तपशिल

| सि.नं. | सामानको नाम | स्पेसिफिकेशन | इकाइ | परिमाण |
|---|---|---|---|---|
| १. | ट्राफिक कोन | PVC Traffic Cone with Reftactable Bar | संख्या | ६० |
| २. | फ्लोरोसेन्ट ज्याकेट | | संख्या | ५५ |
| ३. | LED Magic Light | Traffic LED Magic Light | थान | ७० |
| ४. | Connunication battary | Motorala (Analog) Hand Radio Battary Radio Pack | थान | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५. | Connunication battary | Motorala (Digital) Hand Held Radio Battary Radio Pack | थान | ३४ |
| ६. | सर्भर र्यािक | Bolen 270 RACK. 600x1000 (W.D. floor standing Network Clubbing mesh front door and steel) | थान | १ |
| ७. | सर्भर | Dell Power Edge R740 Server | थान | १ |




